Downloaded From : http://www.cbseportal.com

CBSE PORTAL www.cbseportal.com

# Central Board of Secondary Education
## AISSCE 2018
## Nepali (124)
## Marking Scheme for SET 4, Code No. 24

### (खण्ड एक)

| | |
|---|---|
| 1 क) (i) कविता वा काव्य पढ्दा लयमा माधुर्य ल्याउन स्वर रोकिनुलाई **यति** वा विश्राम भनिन्छ भने कुनै बाधा वा रोकावटबिना सललल बग्ने छन्दको प्रवाह वा लयलाई **गति** भनिन्छ। | 1 |
| (ii) वर्ण वा अक्षरको गन्तीका आधारमा लघु– गुरु निर्धारण गरिने छन्द। अनुष्टुप, तोटक, शिखरिणी, शार्दूलविक्रीडित..............आदि कुनै पनि वार्णिक छन्दको नाउँ वा उदाहरण। | 2+1 = 3 |
| (iii) **शिखरिणी छन्द।**<br>सांकेतिक चिन्ह– ISS SSS III IIS SII I S<br>य म न स भ लघु गुरु<br>यी सांकेतिक चिन्हका आधारमा कुनै दुइ पंक्ति पद्य लेख्न सक्नेछन्। | 1+2 = 3 |
| ख) (i) उत्प्रेक्षा अलंकार।<br>यसमा सम्भव वर्णनीय वस्तु (पुष्प) -लाई असम्भव अवर्णनीय रूप (पृथ्वीको भित्री सुन्दरता नअटाएर फुटेर पुष्प भएको ) –मा सम्भावना गरिएको छ।<br>**अथवा**<br>अन्त्यानुप्रास अलंकार।<br>यसका दुवै पाउको अन्तमा समान उच्चारणका वर्ण वा मात्रा छन्। | 1+2 = 3 |
| (ii) उपमेय, उपमान, साधारण धर्म, उपमावाचक शब्द। ) | ½x 4 = 2 |

### (खण्ड दुइ)

| | |
|---|---|
| 2) पत्र रचना (अंक वर्गीकरण) | |
| पत्र पठाउनेको ठेगाना र तारीक – | 1 |
| पत्र लेखिनेलाई सम्बोधन एवं अविभादन – | 1 |
| पत्रको मुख्य भाग – | 2 |
| पत्रको अन्त वा शेष गराइ – | ½ |
| खाममा लेखिनुपर्ने पत्र पाउनेको ठेगाना – | ½ |

(निर्देशन – वर्तमानमा अंग्रेजी भाषाको ढाँचामा लेखिएको पत्र पनि स्वीकार्य रहनेछ।)

Downloaded From : http://www.cbseportal.com Courtesy : CBSE

Downloaded From : http://www.cbseportal.com

3) निवन्ध रचना (अंक वर्गीकरण)

| | |
|---|---|
| भूमिका – | 2 |
| विषयवस्तु – | 5 |
| उपसंहार – | 1 |
| शब्द सीमा – | 2 |

(खण्ड तीन)

4 क) मानिस बाहिरी रूपले होइन तर भित्री रूपले वास्तविक सुन्दर हुन्छ। कसैको पनि बाहिरी रूपलाई नहेरेर आचरण, व्यवहार, ज्ञान, बुद्धि विवेक जस्ता आन्तरिक गुणहरूलाई महत्व दिनुपर्छ।
यस कथाकी पात्रा रानु पनि बाहिरी रूपले अत्यन्तै कुरूपा भए तापनि उभित्र पण्डित, विद्वान् वा दार्शनिकहरूसँग तर्क गर्नसक्ने अनन्त ज्ञानको भण्डार थियो। 5

ख) I) माछा मारेर बजारमा लगी बेचेर। 2

II) खोलाको छेउमा सानो झोपड़ी बनाउने, विहे गर्ने, माछा मार्न जाँदा छोराले तोते बोलीमा पुकारेको, माछा बेचेर आएपछि स्वास्नीले मुसुमुसु हाँस्दै मरीच हालेको चिया दिएको। 3

ग) समाजमा गरीब, निमुखालाई ठगेर, लुटेर खान पल्केका बिरालो र मुसा जस्ता प्रवृति भएका मानिसहरूलाई व्यंग्य कसेका छन्। जसरी यी प्राणीहरूले अर्काको भाग खोसेर खान्छन् त्यसरी नै हाम्रो समाजमा शोषक प्रवृति भएका मानिसहरूले गरीबको अधिकार हनन गरिरहेछन् वा शोषण गरिरहेछन्। 5

5 क) सपना र बितेका विपनाका दिन दुवै फर्केर आउँदैनन्, दुवैको सम्झना मात्र रहन्छ, दुवैको प्रभाव सदैव जारी रहन्छ। 3

ख) डा. पल्क्सको शरीर त फर्काउन सकिँदैन तर उनको मस्तिष्कभित्रको स्मरण शक्तिको त्यो मशीनसम्बन्धी ज्ञान भएको तत्वलाई तरल रूपमा अरूका मस्तिष्कमा प्रत्यारोपण गर्ने सल्लाह दिए। 3

ग) एक व्यक्तिको मस्तिष्कको तत्वलाई तरल गरी अर्को व्यक्तिको मस्तिषकमा हाल्नु। डा. पल्क्सको। 3+1 = 4

6 क) शरद र वसन्त ऋतुमा पाइने विशेष सादृश्य – उज्यालो दिन, पोखरीमा ढकमक्क कमल फुल्ने, चारैतिर फूल फुलेर बगैंचामा बहार आउने समय, लता–वृक्ष,, पशु–प्राणी सबै खुशी, खोला नालामा सफा पानी, न बेसी गर्मी, न बेसी सर्दी, सबैको निम्ति सुख धाम, वनमा चरा– चुरुंगीको मोद मंगल ......................आदि। 6

Downloaded From : http://www.cbseportal.com Courtesy : CBSE

Downloaded From : http://www.cbseportal.com

CBSE PORTAL www.cbseportal.com

ख) फकेका............................जुटाउँछन्।

परिचय – ऋतुविचार खण्डकाव्यको वसन्त विचारबाट उद्धृत। ½
रचयिता कवि शिरोमणि लेखनाथ पौड्याल। ½
प्रसंग – 1
व्याख्या – 2

अथवा

माथिबाट........................भक्त झैं गरी।

परिचय – ऋतुविचार खण्डकाव्यको शिशिर विचारबाट उद्धृत।
रचयिता कवि शिरोमणि लेखनाथ पौड्याल।
प्रसंग –
व्याख्या –

7 क) नाटक पूर्ण रूपले अभिनेयकाव्य भएको हुँदा साहित्यका अन्य विधाहरूभन्दा प्रभावकारी र रमणीय हुन्छ र यसलाई काव्यको श्रृंगार भनिएको हो। 3

ख) दुवै दृष्टिकोणले हेर्दा नाटक संवाद र अभिनयका माध्यमद्वारा पात्र – पात्राले कलात्मक ढंगमा प्रस्तुत गरेर देखाइने अभिनेयकला हो। 2

ग) नीतिशा। 1

घ) शक्तिशाली महामात्यहरूको भ्रष्टाचार, भाइ– भतिजावाद र कोल्टे नीतिमाथि विद्रोह गरेकाले। 4

8 क) (i) अंग्रेजको समयमा चियाबगानका मजदूरहरूलाई आफ्नो जन्मथलो तथा कार्यक्षेत्रबाट सदाको निम्ति निष्कासन गरिने कठोर सजाय। 1

(ii) जसेले मातेर मालिनीलाई घरि– घरि सताएको कारण। 2

(iii) जसे अकास्मात हट्टाबाहिर भएर कमान छोडेर फारस गाउँ पुगेपछि चैनधोज सरदारले जसेलाई भनेका हुन्। 1+½+½= 2

ख (i) कमानको साहेबले मालिनीको एक्लोपनको फाइदा उठाएर उसको शारीरिक शोषण गर्ने वा बेली छोकडी बनाउने कोशिश गऱ्यो। 3

(ii) कमानको साहेबको शिकार हुनुभन्दा सदाको निम्ति कमान छोडेर अन्यत्र जाने। 2

Downloaded From : http://www.cbseportal.com Courtesy : CBSE

Downloaded From : http://www.cbseportal.com

CBSE PORTAL
www.cbseportal.com

| | |
|---|---|
| 9 क) दस गोर्खा, सप्त शारदीय, टेबल गफ नौ बैठक, बलिदान, प्यारो सपना र अन्य लेखहरू, भावालु मेरो मन, श्रीमद्भागवत, जय गोर्खा, एक बिसाउनी, गीत पुञ्ज (कुनै चार) | ½x 4 = 2 |
| ख) पोखराको कास्की जिल्लमा पर्ने अर्घा अर्चले गाउँमा। | 2 |
| ग) राणाहरूको एकतन्त्री शासन व्यवस्थाको प्रतीकात्मक तरीकाले खुल्ला विरोध गर्‍यो। | 4 |
| 10 क) इरानतिरबाट कश्मीर हुँदै नेपाल पसेका खस जातिले आर्य भाषालाई अगाले वा स्वीकार गरेकाले यस भाषाको नाउँ 'खस भाषा' भयो। पछि गएर यस भाषालाई खस बाहुनले मात्र होइन नेवार, किराँत, मगर, थारु, गुरुङ आदि अन्य नेपाली जातिले पनि प्रयोग गरेकाले खस शब्द सीमित भयो र यसलाई व्यापक रूपमा साझा भाषाको रूपमा **'नेपाली भाषा'** भन्न थालियो। | 3 |
| ख ) नेपाली भाषा नेपालमा मात्र नबोलेर भारतका विभिन्न राज्य लगायत भूटान, बर्मा, मलाया जस्ता मुलुकहरूमा बोलिन्छन्। खस भाषा, पर्वते बोली /भाषा, गोर्खाली वा गोर्खे भाषा आदि। | 3 |
| ग ) गीरिशवल्लभ जोशीको वीरचरित्र ।<br>यसमा चटक र जादुका कुरा भए पनि स्थानहरूका नाम नेपाली छन्। राणाकालको छाया पनि परेको छ। ऐतिहासिक महत्वको उपन्यास। रसिलो र रमाइलो भाषा। | 1+3 = 4 |

Downloaded From : http://www.cbseportal.com Courtesy : CBSE